

**के तपाईंको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रविन्द्र पार्टी प्यालेसको नजिकै)

०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २८ गते आइतबार ❑ 11 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## देशमा दलाल पूँजिवादको राज भएको पूर्वप्रधानमन्त्री खनालको दाबी

पोखरापत्र संवाददाता

पोखरा, २७ माघ




पूर्व प्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पाटीका सम्मानित नेता झलनाथ खनालले देशमा दलाल पूंजिवादले राज गरेको दाबी गर्नु भएको छ । समाजवादी प्रेस संगठन नेपाल कास्कीले शनिवार पोखरामा आयोजना भएको पत्रकार सम्मेलनमा वोल्दै उहाँले देशमा हाल पुंजिबादले राज गर्दा देशमा ठुलो समस्या उत्पन्न भएको दाबी गर्नु भएको हो ।

नेपालको दलाल पुंजिबाद, विदेशी साम्राज्यबादको हाबी भएको दाबी गर्दै नेता खनालले रातारात कमिसन, कालाबजारीले देशमा आर्थिक विकासमा समेत ठुलो नकरात्मक प्रभाव पारेको आरोप लगाउनु भयो । उहाँले भन्नु भयो" अहिले देशमा दलाल पुंजिबादले राज गरिरहेको छ, यस्तो दलाल पूजिबादले देशमा कमिसनखोर बढाउने,भ्रष्टचार बढाउने, सोसण बढाउने, जातिय विभेद बढाउने, धार्मिक विभेद बढाउने, सांस्कृतिक द्धन्द्ध समेत बढाउने छ ।" देशका युवा दैनिक ३ हजार बिदेशीनु निकै दुःख लाग्दो भएको बताउदै नेता खनालले युद्धमा गएर पनि पैसा कमाउन नेपाली युवाहरु विवश भएको जनाउनु भयो ।

देशमा दलाल पूजिबाद हाबी हुदा जनतामा आक्रोश बढेको उहाँको भनाई थियो । समाजबादमा नपुगिकन देशलाई समृद्धिमा पुर्‍याउन नसकिने दाबी गर्दै नेता खनालले हाम्रो देश सम्पन्न र धनि देश मध्यको एकमा पर्ने दाबी गदै प्राकृतिक श्रोत तथा साधनको हिसावले पनि धनि देश भएको जनाउनु भयो । समाजबादले मात्र देशमा रहेको कालाबजारी, तस्करीलाई नियन्त्रण गर्न सक्ने उहाँको भनाई थियो । देशमा दलाल पुजीबाद हावी भएको जसले गर्दा देशमा धैरै समस्या रहेको नेता खनालले आरोप लगाउनु भयो । उहाँले देश जटिल अबस्थामा रहेको उल्लेख गर्दै अब यसको विकल्प समाजबादकै बाटो भएको दाबी गर्नु भयो ।

सत्तामा बसेका व्यक्तिहरुले ठिक ढंगले काम गर्न नसकेको हुदा देशमा समस्या बढ्दै गएको उहाँको आरोप थियो । देशमा कृषिमा क्रान्ति, औधोगिककरण, उद्योग धन्दा संचालन गरि, देशमा रोजगार सृजना गरी गरिबि निवारण गर्नु पर्नेमा नेता खनालले बताउनु भयो । देशमा आमूल परिवर्तन गर्न सरकार र नेताले कोर्ष र नीति तथा कार्यक्रम परिवर्तन गर्नुपर्नेमा उहाँले जोड दिनु भयो । कृषिमा परिवर्तन गर्न समयमै मल,बीउ उपलब्ध गराउदै वित्तीय र प्राविधिक मैत्री बनाउनु पर्ने नेता खनालले जनाउनु भयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालबाट धैरै आशा गरेको त्यसमा जति जोगी आए पनि कानै चिरेका भने जस्तै जनताले महशुस गर्न नसकेको उहाँको भनाई थियो । पानी धमिलाउन एउटै गंगटाले पनि सक्ने उल्लेख गर्दै नेता खनालले देशमा केहीले धमिलो पानीमा माछा मार्न खोजेकोले सचेत हुनुपर्नेमा जोड दिनु भयो । परिवर्तनका बहाक शक्तिहरुले ठिक ढंगले काम गर्न नसक्दा देशमा परिवर्तन हुन नसकेको नेता खनालको भनाई थियो । प्रेस संगठन कास्कीका अध्यक्ष रुद्र बहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको सचिव भिम थापाले बताउनु भयो ।

## प्रदेश सांसद विन्दुकुमार थापाको सबै तलबभत्ता सामाजिक कार्यमा खर्च

पोखरापत्र संवाददाता

पोखरा, २७ माघ




गण्डकी प्रदेश सभा सदस्य विन्दुकुमार थापाले प्रदेश सरकारबाट प्राप्त गरेको सबै तलबभत्ता सामाजिक कार्यमा खर्च गरेका छन् ।

गण्डकी प्रदेश सरकारको पूर्व कानुन, संचार तथा प्रदेशसभा मामिला मन्त्री थापाले २०७९ पुस २५ गतेदेखि हालसम्म प्राप्त गरेको तलबभत्तामा थप गरी विकास निर्माण र सामाजिक कार्यमा खर्च गरेका हुन् । उनले विभिन्न शिर्षकमा ११ लाख १२ हजार ६ सय ५ रुपैयाँ सहयोग गरेको शनिबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

नेपाल प्रेस युनियन, कास्कीको समन्वयमा गरिएको पत्रकार सम्मेलनमा उनले प्रदेशको दोस्रो कार्यकाल सुरु भएपछि अहिलेसम्म वैठकभत्ता, मासिक पारिश्रमिक र अन्य सुविधासहित बैंक खातामा ८ लाख ९६ हजार १ सय ६० रुपैयाँ जम्मा भएको जानकारी दिए । त्यसमा २ लाख १६ हजार ४ सय ४५ रुपैयाँ थप गरी खर्च गरिएको नेपाली कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलको उपनेता समेत रहेका थापाले बताए । खर्च सार्वजनिक गर्दै सांसद थापाले राजनीति आफ्ना लागि सेवा भएको र यसलाई पेशाको रुपमा नलिएको बताए । कास्की क्षेत्र नम्बर २ 'ख' बाट दोस्रो कार्यकालको लागि गण्डकी प्रदेशसभा प्रतिनिधित्व गरेका थापाले सांसदको रुपमा अघिल्लो कार्यकाल केही सिक्ने, कानून निर्माण गर्ने, थिति बसाल्ने र जनताका चाहना अनुसारका विकास निर्माणमा सहजीकरण गर्दैमा बितेको बताए । अघिल्लो कार्यकालमा प्राप्त वैठकभत्ता, मासिक पारिश्रमिक र अन्य सुविधा सबै विकास निर्माण र सामाजिक कार्यमा खर्च गरेको सांसद थापाले बताए । अघिल्लो कार्यकालको निरन्तरता यो कार्यकालमा दिएको उनले सुनाए । 'निस्वार्थ रुपले गरिने जनताको सेवा नै जनप्रतिनिधिको मुल ध्येय हुनुपर्छ र राज्यकोषको दोहन वा दुरुपयोगबाट जनप्रतिनिधि टाढै रहनुपर्छ,' उनले भने, 'यही सन्दर्भमा, प्रदेशसभा सचिवालयबाट २०७९ साल पौष २५ गतेदेखि हालसम्म बैठकभत्तादेखिमासिकपारिश्रमिक र अन्य सुविधासमेतमा थप गरी विकास निर्माण र सामाजिक कार्यमा खर्च गरि यो कार्यकालमा पनि निरन्तरता दिएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु ।' उनले गण्डकी सरकार प्रदेशको समृद्धि र विकासका लागि प्रतिबद्ध रहेको समेत उल्लेख गरे ।

**यसैगरी** सांसद थापाले बगाले कुल संरक्षण समितिको सामाजिक भवन बनाउन २ लाख रुपैयाँ सहयोग गरेका छन् । पोखरा २० को मौजा दलित समाज, मोहोरिया भुजेल समाज र आँटिघर दलित समाजका लागि सामाजिक कार्यका लागि आवश्यक सामाग्री खरिद गर्न १ लाख रुपैयाँ दिएका छन् । पोखरा ९ को विभिन्न स्थानमा सडक बत्ती जडान गर्नका लागि ४५ हजार रुपैयाँ सहयोग गरेका छन् । दीप यूनाइटेड क्लबलाई ४० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् । सांसद थापाका अनुसार उनले जाजरकोट र रुकुमको भुकम्प प्रभावितलाई राहत पनि दिएका छन् । उनले ३७ हजार १ सय ५ रुपैयाँ राहत सहयोग गरेका हुन् । उनले नीजि घरमा धारा जडानका लागि पनि सहयोग गरेका छन् । जस अनुसार पोखरा १६ को कमला विक, हिरा विक, दिपा विक, मिठु नेपाली र माया नेपालीको घरमा धारा जडानका लागि ३५ हजार दिएका छन् । उनले पोखरा ८ एअरपोर्ट टोल विकास संस्थाको भवन निर्माण, पोखरा ११ को जन कल्याण क्लब, पोखरा ८ को फिर्के खानेपानी तथा ढल उपभोक्ता समिति, पोखरा ९ को चण्डिका मन्दिर निर्माण समिति, पोखरा ८ की क्यान्सर बिरामी लक्ष्मी छत्कुली, सर्भेययर्स सोसाइटी, कास्की, पोखरा १६ को हिमालय क्लब र जलारी समुह, कास्कीलाई २५/२५ हजार रुपैयाँ सहयोग गरेका छन् । पोखरा १६ को घर्ती पधेरा ठुलाटारीमा पाइप खरिदका लागि २४ हजार ५ सय, जाल्पादेवी महिला उद्धार समुहलाई धुप बनाउने तालिमका लागि २३ हजार, पोखरा १६ को जोगीमणी टोलमा खानेपानी पाइप खरिदका लागि २१ हजार रुपैयाँ सहयोग गरेका छन् । यसैगरी सांसद थापाले श्रृखंला क्लबको फुटबल प्रतियोगिता, रानीपौवा तायाः मचा नाँच समिति, पोखरा १६ को घुरकुना आमा समुह, पोखरा १६ कै सुकाले टोल, सोही वडाको हृययको आवाज महिला समुहलाई २०/२० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् । यस्तै मण्टेश्वरी एशोसियशन कास्कीले आयोजना गरेको मण्टेश्वरी चाइल्ड ट्यालेण्ट शो २०८०, बालाकोट युवा क्लब, महाशिला पर्वत, पोखरा ११ को जगत जननी महिला समुह,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## ठकुरीलाई 'सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार'

पोखरापत्र संवाददाता

पोखरा, २७ माघ



सरुभक्त केन्द्रद्वारा स्थापित 'सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार-२०८०' बालकलाकार सुप्रिम मल्ल ठकुरीलाई प्रदान गरिएको छ । रु ५० हजार राशिको सो पुरस्कार शनिबार यहाँ आयोजित समारोहमा पुरस्कारका संस्थापक साहित्यकार सरुभक्त, कवि एवं संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, शिक्षासेवी जर्ज जोनलगायतले संयुक्तरूपमा ठकुरीलाई हस्तान्तरण गर्नुभयो ।

एघार वर्षको उमरमै गायनमार्फत नेपाली गीतसङ्गीतमा पुर्‍याएको योगदानबापत उहाँलाई पुरस्कृत गरिएको केन्द्रका अध्यक्ष महेन्द्र श्रेष्ठले बताउनुभयो । बाजुराको हिमाली गाउँपालिका-६ मा जन्मी हाल काठमाडौँको महर्षी स्कुलमा कक्षा ६ मा अध्ययनरत ठकुरीका लोकदोहोरी, चलचित्र, आधुनिक गरी हालसम्म एक सय ९० वटा गीत रेकर्ड भएर सार्वजनिक भइसकेको उहाँको भनाइ छ ।

यसअघि ठकुरी 'भ्वाइस अफ् किड्स' कार्यक्रमको पहिलो संस्करणमा 'फस्ट रनरअप' हुनुभएको थियो । उहाँ 'रारा राष्ट्रिय म्युजिक अवार्ड', 'उत्कृष्ट बालप्रतिभा अवार्ड', 'क्विन्स बाल स्वरसम्राट अवार्ड'लगायत अवार्ड तथा पुरस्कारबाट पनि सम्मानित भइसक्नुभएको छ । आफ्नो प्रतिभामार्फत देशको इज्जत र प्रतिष्ठा कायम गर्न सफल बालप्रतिभालाई प्रोत्साहन दिने ध्येयले पुरस्कार स्थापना गरेको संस्थापक सरुभक्तले बताउनुभयो ।

केन्द्रले साहित्य, कला, सङ्गीत, खेलकुद, पर्वतारोहण, विज्ञान तथा प्रविधि, नृत्य, मौलिक आविष्कारलगायत क्षेत्रमा विशिष्ट प्रतिभा देखाउन सफल १६ वर्षमुनिका बालबालिकालाई पुरस्कृत गर्दै आएको केन्द्रका अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

विसं २०५७ मा पर्वतारोहण क्षेत्रतर्फ तेम्वाछिरी शेर्पा, विसं २०५८ मा नृत्यमा ज्योति थापा, विसं २०६० मा गायनतर्फ ऋतु लामा, कलामा विसं २०६१ म शिखा कटुवाल, विसं २०६२ मा कला क्षेत्रमा करुणा गुरुङ, विसं २०६४ मा खेलकुदतर्फ सिपोरा गुरुङ, विसं २०६५ मा विज्ञान तथा प्रविधितर्फ कुशल केसी र विसं २०६९ मा पर्वतारोहणमा निमा छ्याङ्दी शेर्पालाई उक्त पुरस्कार प्रदान गरिएको थियो । विसं २०६९ देखि स्थगन भएको 'राष्ट्रिय बालप्रतिभा पुरस्कार'लाई यस वर्षदेखि 'सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार'का नाममा वितरण गरिएको केन्द्रका अध्यक्ष श्रेष्ठले बताउनुभयो । साहित्यकार एवं सङ्गीत तथा नाट्य प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले आफ्ना बुवा गणेशबहादुर र आमा लक्ष्मीमायाको स्मृतिमा रु ११ लाख ५० हजारको अक्षयकोष स्थापना गरी केन्द्रमा उक्त पुरस्कार स्थापना गर्नुभएको हो । आफूले पाएका विभिन्न पुरस्कार र परिवारका सदस्यबाट प्राप्त सहयोगबाट उक्त कोष स्थापना गरिएको संस्थापक सरुभक्तले बताउनुभयो । कोष सञ्चालन, प्रतिभा पहिचान, पुरस्कार वितरणलगायतका काम केन्द्रमार्फत सञ्चालन हुँदै आएको उहाँको भनाइ छ । यसअघि रहेको 'साहित्यकार सरुभक्त सरोकार केन्द्र'लाई नाम परिमार्जन गरी गत वर्ष 'सरुभक्त केन्द्र' बनाइएको थियो ।

## परिवर्तनका पक्षधरलाई गोलबन्द हुन प्रधानमन्त्रीको आह्वान

रासस

काठमाडौं, २७ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पहिचान र अधिकारको पक्षमा सङ्घर्षरत राजनीतिक शक्ति र नेतृत्वमा परिवर्तनका पक्षधर गोलबन्द हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय सोनाम ल्होछारका अवसरमा शनिबार टुँडिखेलमा आयोजित तामाङ सांस्कृतिक महोत्सवमा उहाँले पहिचान र अधिकारका पक्षधर वर्ग, जाति र समुदायको सहयोगमा मात्रै सङ्घीयता कार्यान्वयनमा गुणात्मक फड्को मार्न सकिने बताउनुभयो । "म यसै मञ्चबाट विशेष अनुरोध गर्दछु, पहिचान र अधिकारको पक्षमा सङ्घर्षरत राजनीतिक शक्ति र नेतृत्वलाई तपाईंहरूले राम्रोसँग चिन्नूस्, यसको वरिपरि गोलबन्द हुनूस्", प्रधानमन्त्रीले भन्नुभयो, "फेरि हामी शक्तिशाली हुनेछौँ, आन्दोलनका बाँकी कार्यभार पूरा हुनेछन् ।" आफू दोस्रो पटक प्रधानमन्त्री हुँदा सात सय ५३ स्थानीय तहको निर्धारण, स्थानीय तहको निर्वाचन,


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# फागुन १ देखि अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखराको ड्याम साइड क्लवको आयोजनामा आउँदो फागुन १ गते देखि अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० हुने भएको छ।

फागुन महिनाको ६ गतेसम्म शसस्त्र प्रहरी गण(ड्यामसाइड) को खेल मैदानमा तेश्रो संस्करणको उक्त प्रतियोगिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

पोखरा महानगरपालिकाको सहयोग तथा पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा हुने यस प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी गरी १९ वटा बिद्यालयहरुको सहभागिता हुने भएको क्लवका अध्यक्ष प्रताप गुरुङले बताउनु भयो। ६ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको छ। हरेक खेलको म्यान अफ दी म्याच हुने



खेलाडीलाई ट्रफी प्रदान गरिने भएको छ भने प्रतियोगितामा सर्वोउत्कृष्ट सहित सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेण्स, उत्कृष्ट मिडफिल्ड, उत्कृष्ट स्टाइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई समेत ट्रफी प्रंदान गरिने भएको सचिव राकेश श्रेष्ठले बताउनु भयो।

प्रतियोगिताको गत बर्षको विजेता छोरेपाटन मावि हो। खेलकुदको शहर पोखरामा विगत २०५९ साल देखि खेलकुद, पर्यटन र सामाजि कार्यमा सक्रिय हुदै आएको क्लवले विश्वकै चर्चीत खेल फुटवल खेलको तल्लोस्तर (ग्रासरुट) बाट विकास गर्ने उद्धेश्यले विगत २ बर्ष देखि उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको पूर्व अध्यक्ष पदम ढकालले बताउनु भयो। पोखरा १७ का वडा सदस्य बिक्रम गुरुङले वडाको खेलकुदलाई चलायमान बनाउन उक्त प्रतियोगिता सहित अन्य खेलकुद गतिविधिलाई वडाले प्रबर्द्धन तथा प्रमोशन गर्दै आएको बताउनु भयो। यस क्लबबाट बसन्त गौचन, विशन गौचन, राजेन्द्र तामाङ सहितका खेलाडी सहित ए डिभिजनमा खेल्ने करिब २५ जना खेलाडीहरु उत्पादन गर्न सफल भएको क्लवको दाबी छ। फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता हुन लागेको क्लवले जनाएको छ। क्लवले विभिन्न सरसफाई देखिका आर्थिक सहयोग गर्ने लगायका सामाजिक काम गर्दै आएको अध्यक्ष गुरुङले दाबी गर्नु भयो।

# जोरपाटी र संगमलाई भेट्रान फुटबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

बगर भाइ खेलकको आयोजना जारी भेट्रान फुटबल प्रतियोगितामा जोरपाटी भेट्रान काठमाडौं र संगम भेट्रान पोखराले उपाधि चुमेका छन्।

पोखरा टुडिखेल खेल मैदानमा जारी तेह्रौं बगर भाइखलक तथा तेस्रो हिमालय ब्रुअरी एट ए साइड भेट्रान फुटबल प्रतियोगिताको ४० वर्षमाथि उमेर समूहमा जोरपाटी र ५० वर्ष उमेर समुहमा संगम क्लब च्याम्पियन बनेको हो। शनिबार सम्पन्न ५० वर्षमाथिको फाइनल खेलमा आयोजक बगर भाइखलकमाथि २-१ को जित निकाल्दै संगमले उपाधि चुमेको हो। उपाधिसँगै संगमले नगद



एक लाख रुपैयाँ प्राप्त गऱ्यो भने, बगरले ५० हजार रुपैयाँ प्राप्त गऱ्यो।

यस्तै अत्यन्तै रोमाञ्चक बनेको ४० वर्षमाथि समूहको फाइनल खेलमा जोरपाटीले नागस्वेती भेट्रान हेटौंडालाई सडन डेथमा ८-७ ले हराउँदै च्याम्पियन बनेको हो। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा समेत २-२ को बराबरी भएपछि सडनडेथमा ८-७ को जित निकालेको हो। सडनडेथसम्म पुग्दा कुल १०-१० पेनाल्टी प्रहार गरेका थिए। उपाधिसँगै जोरपाटीले दुई लाख रुपैयाँ हात पार्दा नागस्वेतीले एक लाख रुपैयाँ प्राप्त गऱ्यो।

नागस्वेतीका कृष्ण शाक्य प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले ट्रफीसँगै नगद १५ हजार रुपैयाँ प्राप्त गरे। यस्तै उत्कृष्ट गोलरक्षक जोरपाटीका छिरिङ लामा घोषित भए। उनी प्रतियोगिताको म्यान अफ दी म्याच समेत घोषित भए। टोलीलाई उपाधि चुमाउन फाइनलमा उनको खेल निकै प्रसशां योग्य थियो। उत्कृष्ट मिडफिल्डर जोरपाटीकै रन्जित लामा घोषित भए। प्रशिक्षकतर्फको समेत जोरपाटीकै पोल्टामा रह्यो। बुद्ध लामा उत्कृष्ट प्रशिक्षण घोषित भए। उत्कृष्ट फरवार्ड नागस्वेतीका निमा लामा घोषित भए। डिफेन्डरमा नागस्वेतीका सन्तोष बस्नेत उत्कृष्ट घोषित भए। विधागततर्फका सबै विजेताले ट्रफीसँगै नगद पाँच/पाँच हजार रुपैयाँ प्राप्त गरे।

# परिवर्तन ...

सङ्घीयताअनुरूप कार्यालयको स्थापनामा महत्वपूर्ण काम भएको स्मरण गर्दै उहाँले अहिले सङ्घीयता कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको स्पष्ट पार्नुभयो।

हालै मात्र राष्ट्रिय समन्वय परिषद्का दुईवटा बैठक सम्पन्न भएका बताउँदै प्रधानमन्त्री दाहालले कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको अन्तिम प्रक्रियामा रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सङ्घीयताको सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखिएको छ, सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षा ऐन, सङ्घीय प्रहरी ऐनलगायत ऐन पारित गर्न उच्च महत्व दिएको छु। प्रहरी समायोजनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ।" पहिचान र अधिकार स्थापित गर्ने संविधान जारी गर्न दशौं हजार योद्धाले बलिदान गरेका स्मरण गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "क्रान्तिकारी शक्ति, पार्टी र नेतृत्वलाई बलियो बनाएर मात्र संविधानको प्रगतिशील कार्यान्वयन र थप अधिकारको आधारशिला खडा हुन सक्छ भन्नेमा हामी सबै गम्भीर हुनैपर्छ।"

प्रधानमन्त्री दाहालले अबको सङ्घीय मन्त्रिपरिषद् पुनःगठनका क्रममा बागमती प्रदेशमा तामाङ समुदायबाट सरकारमा प्रतिनिधित्व गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो। सोनाम ल्होछार मनाउन तामाङ समुदायलाई सरकारका तर्फबाट प्रदान गरिने सहयोगलाई वृद्धि गरिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले सोनाम ल्होछारले क्रान्तिकारी नीति र नेतृत्वको वरिपरि गोलबन्द हुँदै थप अधिकार प्राप्तिको दिशामा एकताबद्ध भई अगाडि बढ्न सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले तामाङ समुदायको मुख्य पर्व ल्होछारका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्नुभयो। नेपाल तामाङ घेदुङ मूल समारोह समितिका अध्यक्ष वीरबहादुर योञ्जनले तामाङ समुदायको इतिहास, उक्त समुदायले राज्यमा पुऱ्याउँदै आएको योगदानलगायत विषयमा जानकारी गराउनुभएको थियो। तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट स्थान रहेको छ। गणितमा आधारित ल्हो परम्परा तामाङ संस्कृतिकै अभिन्न अङ्ग बनेको छ।

नेपालमा मात्र नभई चीन, मङ्गोलिया, जापान, हङकङ, भियतनाम, लाओस, थाइल्यान्ड, ताइवान, मलेसिया, सिङ्गापुरमा पनि चन्द्रमासमा आधारित ल्होछार (नयाँ वर्ष) मनाइने गरेको छ। नेपालका ह्योल्मो, मनाङ्गे, हुम्ली तामाङ, डोल्पो, तोप्केगोला, सिङ्सा, ताङ्बे, थकाली, जिरेल, खाममगर, दुरा, भोटे, नेस्याङबा र केही शेर्पा समुदायले मान्दछन्। महोत्सवका अवसरमा तामाङ समुदायको वेशभूषा, रहनसहन, खानाका परिकारसहित समेटिएको सयौँभन्दा बढी प्रदर्शनी कक्ष राखिएका छन्। महोत्सवमा कुलागी, लुकुनी, स्यान्थापलगायत पराम्परागत पोसाकमा सजिएका युवायुवती डम्फू र टुङ्गाको धुनमा नृत्य प्रस्तुत गरेका थिए।

# एक-अर्काको ...

पोखरा २० का क्यान्सर विरामी निर्मल बास्तोलालाई पनि सांसद थापाले १५/१५ हजार रुपैयाँ आर्थिक सहयोग दिएका छन्।

यस्तै मानव सेवा आश्रममा गृह महिला श्रमिक संघ मार्फत बाटेको धुप बनाउने प्रशिक्षण, पोखरा ११ को राधाकृष्ण टोलको सामाजिक भवन निर्माण, पोखरा १६ को कान्तिया डाँडामा सडक बत्ती जडान, पोखरा २० को यूनाइटेड क्लब भलाम, पोखरा १६ की क्यान्सर रोग विरामी राधा गायक, पोखरा ८ को माफ पाम परिवार, पोखरा ४ को गोपालजी मन्दिर सेवा समिति, नेपाल अर्बुद रोग निवारण संघ, पोखरा १५ का क्यान्स रोग विरामी ओमबहादुर गुरुङलाई सांसद थापाले १०/१० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन्। विश्व हिन्दु महासंघ, नयाँ बजार साँस्कृतिक समितिको भैरव नाच र पोखरा ११ की मुटुरोग विरामी मिठु सर्किनीलाई सांसद थापाले ५/५ हजार रुपैयाँ सहयोग गरेका छन्।

# नेपालले क्यानडाविरूद्धको सिरिज जित्यो

**रासस**
काठमाडौं, २७ माघ

नेपालले क्यानडाविरूद्धको तीन एकदिवसीय खेलको सिरिज जितेको छ। क्यानडाविरुद्धको आज भएको दोस्रो खेलमा चार विकेट लिएर नेपालले उक्त सिरिजमाथि कब्जा जमाएको हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर क्यानडाले पहिला फिल्डिङ गर्ने निर्णय गऱ्यो। क्यानडाले नेपालसामु दुई सय ८६ रनको लक्ष्य प्रस्तुत गरेको थियो। नेपालले उक्त विजयी लक्ष्य ४५ दशमलव एक ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो। नेपालका तीन खेलाडीले अर्द्धशतकीय पारी खेले। कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ८७ रन बनाए। उनले एक सय एक बल खेल्ने क्रममा चार छक्का र आठ चौका प्रहार गरे। यस्तै देव खनालले ८१ बलमा ७६ रन बनाए। उनले त्यसक्रममा दुई छक्का र सात चौका हाने।




यसैगरी अनिलकुमार साहले तीन छक्का र सात चौकासहित ५० रनको योगदान दिए। भीम सार्कीले २३, पवन शर्राफले १४ र आशिफ शेखले १० रन बनाए। बलिङतर्फ क्यानडाका हर्ष थाकर र ईश्वरजोत सोहीले दुई-दुई तथा शाद विन जाफर र दिलप्रित बज्वाले एक-एक विकेट लिए। यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको क्यानडाले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ८५ रनको योगफल बनायो। क्यानडाका लागि ओपनर आरोन जोन्सनले सर्वाधिक ६५ रन जोडे। उनले ६२ बलमा १० चौका र दुई छक्का हाने। यस्तै नवनित धलिवालले ४६, श्रेयश मोभ्वाले ४०, पर्गत सिंहले ३८, निकोलस कीर्तनले २०, उदय भगवान्‌ले २०, दिलप्रित बज्वाले १९ तथा शाहिद अहमदजाइलाईले १३ रन बनाए। बलिङतर्फ नेपालका लागि रोहितकुमार पौडेल र कुशल मल्लले दुई-दुई तथा सोमपाल कामी, सूर्य तामाङ, आकाश चन्द र पवन सर्राफले एक-एक विकेट लिए। यसअघि बिहीबार भएको सिरिजको पहिलो खेलमा नेपालले क्यानडामाथि रोमाञ्चक जित हासिल गरेको थियो। नेपालले क्यानडासँग पहिलो पटक एकदिवसीय सिरिज खेलेको हो।


## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शब्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# इतिहास नबंग्याऊ

नेपाली पत्रकार संगठित भएको दिनलाई स्थापना दिवसको रुपमा मनाउन थालेको दुई दशकभन्दा बढी भएको छ । नेपाल पत्रकार संघ स्थापना भएको दिन र संस्थापक सभापति कस्लाई मान्ने भन्नेमा पत्रकारहरु विभाजित भएका छन।स्थापना दिवस र संस्थापक अध्यक्ष को हो भन्नेबारे बेला वेलामा प्रश्न उठ्ने गरेको छ। त्रिभुवन विश्वविद्यालयलाई बुझाएको शोधपत्रमा स्थापना दिवसको बारेमा प्रश्न उठेपछि त्यसबारेमा नेपाल पत्रकार महासंघले गम्भीरतापूर्वक लिनुपर्ने हो । इतिहासको बारेमा बृहत छलफल गरेर टुंगोमा नपुर्‍याउँदा विवाद बढ्दै गएको छानेपाल आदिबासी जनजाति पत्रकार महासंघ (फोनिज) ले नेपाल पत्रकार महासंघको इतिहास सच्याउन आग्रह गरेको छ। २००८ साल वैशाख ९ गते स्थापना भएको महासंघलाई २०१२ साल चैत १६ देखि इतिहास कायम गर्नु गलत भएको फोनिजको भनाइ छ।

तत्कालीन अवस्थामा पत्रकारले सत्यनारायणबहादुर श्रेष्ठको सभापतित्वमा २००८ सालमा नेपाल पत्रकार संघ गठन गरेको संघ नै आजको महासंघको निरन्तरता भएकाले संस्थापकमाथि न्याय गर्न फोनिजले महासंघसँग आग्रह गरेको छ। महासंघ प्रतिष्ठान प्रदेश समितिले 'अग्र अनुहार' नामक पुस्तक प्रकाशन गरी माघ २८ गते लोकार्पण गर्न लागेको र त्यसमा २०१२ सालका अध्यक्ष कृष्णप्रसाद भट्टराईदेखि अहिलेसम्मका अध्यक्षहरुको विवरण प्रकाशन गरेकोप्रति फोनिजले दुःख व्यक्त गरेको छ । पुस्तकमा पूर्व अध्यक्षहरुको फोटो राखिएको भन्दै पत्रकार महिलाहरुले व्यङ्ग्य गरेका छन ।

संस्थापक सभापति श्रेष्ठको बारेमा सो पुस्तकमा केही उल्लेख नगरी महासंघले इतिहास नामेट पार्ने गलत काम गरिरहेको भन्दै फोनिजले त्यसको विरोध गर्दै सच्याउन माग गरेको छ। फोनिजका संघीय महासचिव मिलन लिम्बुले संस्थाको तर्फबाट विज्ञप्ति प्रकाशन गरी "संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठ रहेको तथ्य स्पष्ट छ। नेपाली पत्रकारिताको इतिहासमा २००८ वैशाख ९ गते पहिलो पटक नेपाल पत्रकार संघ गठन गरेर सभापतिका रूपमा नेपालका पत्रकारलाई सङ्गठित गर्दै नेतृत्व प्रदान गर्ने व्यक्ति श्रेष्ठ नै हुन् । यो तथ्यलाई नामेट पार्नु भनेको उहाँको योगदानको अवमूल्यन गर्नु हो ।" भनिएको छ ।

गलत तथ्यलाई नै निरन्तरता दिने महासंघको कदमप्रति फोनिजको गम्भीर ध्यानाकर्षण भएको महासचिव लिम्बूले उल्लेख गरेका छन । विज्ञप्तीमा भनिएको छ, हामी आग्रह गर्दछौं, प्रतिष्ठान प्रदेशको सो प्रकाशन तत्काल रोकियोस् । साथै, संस्थापक अध्यक्षको विषय यथाशीघ्र टुङ्गो लगाई गलत इतिहास सच्याइयो।पत्रकार महासंघले संस्थापकलाई विवादमा पार्नु हुँदैन ।शुरुमा संघ स्थापना गर्ने र नेतृत्वमा रहेर योगदान पुर्‍याउनेहरुलाई सके न्याय दिनुपर्छ । नसके अन्याय गर्नु हुँदैन ।

# आँखा उपचार केन्द्र सञ्चालनको सम्झौता

पोखरापत्र संवाददाता
दमौली, २७ माघ

तनहुँको भानु नगरपालिकामा आँखा उपचार केन्द्र सञ्चालनका लागि सम्झौता गरिएको छ। भानु-२ नारेश्वरटारस्थित आधारभूत स्वास्थ्य केन्द्रमा आँखा उपचार केन्द्र सञ्चालनको तयारी गरिएको हो।

केन्द्र सञ्चालनका लागि नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पताल चितवन र नगरपालिकाबीच सम्झौता भएको छ। सम्झौतापत्रमा नगरपालिकाका तर्फबाट नगर प्रमुख आनन्दराज त्रिपाठी, प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेल र स्वास्थ्य शाखाका प्रमुख ऐश्वर्यचन्द्र भट्टराई र नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पतालका तर्फबाट अध्यक्ष जयराम श्रेष्ठ, उपाध्यक्ष तेजेन्द्र खड्का र बाह्य कार्यक्रम संयोजक रमेश घिमिरेले हस्ताक्षर गर्नुभएको छ । आँखा उपचार केन्द्रलाई प्रभावकारी एवं गुणस्तरीय रुपमा सञ्चालन गर्नका लागि आठ सदस्यीय सहयोग समिति गठन गरिने नगर प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो। सम्झौतापत्रमा आँखा उपचार केन्द्रका लागि भवन उपलब्ध गराउने, प्रचारप्रसारको जिम्मा र आँखा स्वास्थ्य सेवाको विस्तार नगरपालिकाले गर्नुपर्ने जनाइएको छ। आँखा उपचार केन्द्र सञ्चालनका लागि आवश्यक औजार उपकरण, औषधी, चस्मा, लेन्स तथा अन्य स्टेसनरी सामग्री तथा मर्मतसम्भार, आवश्यकताअनुसार कन्तीमा वर्षको एकपटक निःशुल्क आँखाको अप्रेसनसहितको आँखा शिविर सञ्चालन नेत्रज्योति सङ्घले गर्ने सम्झौतामा उल्लेख छ। आँखा उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्यका लागि भानुमै उपचार केन्द्र स्थापना गर्न लागिएको नगरप्रमुख त्रिपाठीको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँका सर्वसाधारण आँखा परीक्षणका लागि दमौली, चितवन जानुपर्ने बाध्यता थियो, अब यहीँ सेवा पाउनेभएपछि सहज हुनेछ।"

# एक करोडमा बागलुङमा कुकुर होस्टेल बनाइने

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

बागलुङ नगरपालिकाले छाडा कुकुर व्यवस्थापनका लागि रु एक करोड लागतमा कुकुर होस्टेल निर्माण गर्ने भएको छ । नगरपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा कुकुरलाई पालनपोषणसहितको होस्टेल बनाउने उल्लेख गरेको थियो।

यसका लागि नवप्रवर्द्धन कार्यक्रमअन्तर्गत प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यही माघ २५ गते सम्झौता गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जानकारी दिनुभयो । नगरपालिकाको रु ३५ लाख र मुख्यमन्त्री कार्यालयको रु ६५ लाख बजेटमा सो होस्टेल निर्माण उहाँले बताउनुभयो ।

"बागलुङ नगरपालिकाले नीति तथा कार्यक्रममार्फत रु २० लाख बजेट विनियोजन गरेको थियो, पछि मुख्यमन्त्री कार्यालयसँग साझेदारीमा रु एक करोड लागतमा होस्टेलनिर्माणरव्यवस्थापनसहितको सम्झौता भएको हो", प्रमुख प्रशासकीय अधिकृत कँडेलले भन्नुभयो । उहाँका अनुसार होस्टेल निर्माण गरी असारभित्रै कुकुरका व्यवस्थापन गरिनेछ । होस्टेलमा पशु चिकित्सकसहित हेरचाह गर्ने मानिसको समेत व्यवस्थापन हुनेछ। कुकुर होस्टेल निर्माण गर्न जग्गा खोजीरहेको नगरपालिकाले जनाएको छ । बागलुङ बजारमा छाडा कुकुरको बिगबिगी भएकाले दीर्घकालीन नियन्त्रणका लागि पाँच रोपनी जग्गामा होस्टेल बनाउन लागिएको हो नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । छाडा कुकुरको समस्या नियन्त्रण गर्न नगरपालिकाले पशु कार्यालयको समन्वयमा बन्ध्याकरणसमेत गर्दै आइरहेको बागलुङ नगरपालिकाले जनाएको छ।

# सडक स्तरोन्नतिपछि यात्राअवधि छोटियो

पोखरापत्र संवाददाता
म्याग्दी, २७ माघ

म्याग्दीको दरवाङ-धारापानी सडक स्तरोन्नति भएपछि यात्राअवधि छोटिएको छ। मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि सोही पालिकाको वडा नं ५ फेदी हुँदै धौलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने सडकको धारापानीसम्मको खण्ड स्तरोन्नित सकिएको छ।

दरवाङदेखि धारापानी पुग्न यसअघि गाडीमा ४५ मिनेट लाग्ने गरेकोमा सडक स्तरोन्नति भएपछि यात्राअवधि १५ मिनेटमा छोटिएको धौलागिरि गाउँपालिका-७ धारापानीका रिमप्रकाश थापाले बताउनुभयो । "बाह्र वर्षअघि चन्दा जुटाएर मार्ग मात्र खोलिएको सडक कच्ची साँघुरो र ग्रेड नमिलेको थियो", उहाँले भन्नुभयो, "घुम्ती तथा मोड र ग्रेड सुधारसँगै अप्ठ्यारो ठाउँमा ढलान भएपछि यात्राका क्रममा सहज र सुरक्षित महसुस हुन थालेको छ।"

नयाँ मार्ग खोल्ने, ग्रेड सुधार, विस्तार, नाली निर्माण, ग्रेड, घुम्ती सुधार र ढलान भएपछि धौलागिरि गाउँपालिकालाई यातायात सञ्जालसँग जोड्ने मुख्य दरवाङ-धारापानी-ताकम-मुना सडकको दरवाङ-धारापानी खण्डको यात्रा सहज बन्न थालेको छ। सडक सुधार भएपछि यातायातको भाडादर घटाउन स्वसीले माग गरेका छन् । विसं २०६७ मा स्थानीय बासिन्दा र तत्कालीन गाविसको अनुदानमा रु एक करोड ५० लाख खर्चेर यो सडकको मार्ग खोलिएको थियो । गण्डकी प्रदेश सरकारको पालिकाको केन्द्र जोड्ने सडक स्तरोन्नति गर्ने योजनाअन्तर्गत विसं २०७६ चैत ४ गते दरवाङदेखि फेदी हुँदै धारापानी खण्डको छ किलोमिटर छ सय मिटर सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भएको थियो। रु १४ करोड ३८ लाख ६७ हजारमा विसं २०७८ असारमा सम्पन्न गर्ने लक्ष्यसहित धुलिखेल-ब्राइट-कुँवर जेभीले पूर्वाधार विकास कार्यालय म्याग्दीसँग ठेक्का लिएको आयोजनाको ४६ प्रतिशत भौतिक प्रगति भएको अवस्थामा सहायक निर्माण व्यवसायीले काम छाडेपछि करिब एक वर्ष अलपत्र परेको थियो । विसं २०७९ को भदौमा कार्य क्षेत्रमा आएको मुख्य निर्माण कम्पनीका कर्मचारी हरिप्रसाद हुमागाईले हाल ९३ प्रतिशत भौतिक प्रगति भएको सडक आयोजना कार्यालयलाई हस्तान्तरणको तयारी गरेको बताउनुभयो । "दरवाङदेखि धारापानीसम्म छ किलोमिटर सडक फराकिलो, नाली र पर्खाल बनाएर ग्राभेल गरेका छौं", उहाँले भन्नुभयो, "बाटिकाको अप्ठ्यारो र साँघुरो भिरमा ३२४ मिटर सडक ढलान भएको छ।"

# अमरसिंह र ग्लोबल स्कुल चेस च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ



अमरसिंह मावि र ग्लोबल कलेजियट बोर्डिङ स्कुल पोखरा महानगरपालिका विद्यालयस्तरीय बुद्धिचाल (चेस) प्रतियोगिताको च्याम्पियन बनेका छन् । पोखरा महानगरपालिका खेलकुद विकास समितिद्वारा आयोजित प्रतियोगिताको शनिबार भएको अन्तिम चरणमा सर्वाधिक अंकसहित छात्रतर्फ अमरसिंह र छात्रातर्फ ग्लोबल विजेता बनेका हुन् । छात्रतर्फको विजेता अमरसिंहले ११ र छात्रातर्फको विजेता ग्लोबलले १२ अंक पाएको निर्णायक संयोजक रामबहादुर क्षेत्रीले जानकारी दिए। अमरसिंह र ग्लोबलले ट्रफी, मेडल र प्रमाणपत्रसहित ७ हजार रुपैयाँ पुरस्कार पाएका छन् ।

छात्रतर्फ हिमालयन बोर्डिङ स्कुल 'ए' १० अंकसहित द्वितीय, श्री विन्ध्यावासिनी मावि 'ए' तृतीय, कुमुदिनी होम्स चौथो र रेन्बो एकेडेमी पाँचौ भए । विन्ध्यावासिनी, कुमुदिनी र रेन्बोले समान ८/८ अंक पाए। ६ राउण्ड खेल्दा यी विद्यालयका विद्यार्थीले जितेका खेल, समयसहित कम्प्युटरले हिसाब गर्दा बुचर टेबल पोइन्टको आधारमा विजयी स्थान घोषणा गरिएको हो । छात्रातर्फ बालविद्या मन्दिर १०.५ अंकसहित द्वितीय, त्रिवेणी पब्लिक स्कुल ९ अंकसहित तृतीय, ताराकुञ्ज मावि ९ अंकसहित चौंथो र प्रतिभा मावि 'ए' ८ अंकसहित पाँचौ भएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए। छात्र र छात्रातर्फ द्वितीय र तृतीय हुनेले क्रमशः ५ हजार र ३ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाए। चौथो र पाँचौं हुनेले क्रमशः २ हजार र १ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरे । छात्रतर्फ कालिका मावि छैटौं, ग्लोबल कलेजियट सातौं, केफ सेकेण्डरी स्कुल आठौं, मदरल्याण्ड मावि नवौं र अमरसिंह मावि दसौं भए। छात्रातर्फ अमरसिंह मावि 'ए' छैटौं, हार्बड एकेडेमी सातौं, अञ्जुली आवसीय मावि आठौं, छोरेपाटन मावि नवौं र हिमालयन बोर्डिङ स्कुल दसौं भएको आयोजकले जनाएको छ । छैटौंदेखि दसौं हुने विद्यालयका विद्यार्थीले मेडल र प्रमाणपत्र पाए । पुरस्कार वितरणपछि बोल्दै खेलकुद विकास समिति अध्यक्ष दीपकबहादुर गोदारले चेसमा विद्यार्थीहरूको उत्साहपूर्ण सहभागिताले सकारात्मक सन्देश दिएको सुनाए। विद्यालय तहबाटै चेस खेल्नेतर्फ रुचि हुनु, बढाउन सकेमा यसले मानसिक स्वास्थ्य र सोच्ने शैलीमा विकास हुने उनले बताए । बुद्धिचाल महासंघका केन्द्रीय अध्यक्ष हिराकाजी महर्जनले चेस बौद्धिक खेल भएकाले यसले विद्यार्थीको पढाइमा योगदान गर्न भूमिका खेल्ने बताए। उनले देशभरका ५५ जिल्लामध्ये कास्की बुद्धिचालमा सक्रिय रहेकाले यसलाई निरन्तरता दिइरहन आग्रह गरे । पोखरा महानगरपालिका बुद्धिचाल संघका अध्यक्ष चन्द्रबहादुर गुरूङले विद्यालय तहमै चेसको विकास गर्न यो प्रतियोगिता गरेको बताए। उनले विद्यार्थीको संख्या प्रशंसालायक देखिएको र यसलाई आगामी वर्ष पनि निरन्तरता दिने बताए। पोखरा रंगशालास्थित बहुउद्देशीय कभर्ड हलमा शुक्रबार र शनिबार चलेको प्रतियोगितामा ६० विद्यालयका २ सय ५० जनाभन्दा बढी छात्र/छात्रा सहभागी थिए।

# दोस्रो हिसान गण्डकी प्रदेश स्तरीय फुटसल प्रतियोगिताका लागि कास्कीबाट १२ टिम छनौट

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ



उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभर्सिटी लेवल फुटसल प्रतियोगिताको कास्की छनौटबाट १२ टिम छनौट भएका छन् । कास्की छनौटका लागि ४० टिमले भागलिएकोमा १२ टिम छनौट भएका हुन् ।

छनौट भएकोमा सृजना उच्च मावि, न्यु ग्यालेक्सि इङलिस सेकेन्डरी स्कुल, पोखरा आर्दश सेकेन्डरी स्कुल, त्रिभेनी पब्लिक सेकेन्डरी स्कुल, ग्लोबल कलेजियटस्कुल, स्नोभियुइङलिस बोर्डिङ स्कुल छनौट भएको प्रतियोगिता संयोजक सन्तोष पराजुलीले जानकारी दिए। त्यसै गरी प्रतिभा सेकेन्डरी स्कुल, स्टेप बाई स्टेप सेकेन्डरी स्कुल, शिशुनिकेतन सेकेन्डरी स्कुल, माउण्ट अन्नपूर्ण सेकेन्डरी स्कुल, सगरमाथा सेकेन्डरी स्कुल र न्युमोडल सेकेन्डरी स्कुल छनौट भएका छन् । हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका थिए । कास्कीबाट१२ र गण्डकी प्रदेशका अन्य जिल्लाबाट ४ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए। गण्डकी स्तरीय प्रतियोगिता फागुन ४ देखी ७ गते सम्म पोखरा रंगशालामा प्रतियोगिता हुनेछ । कास्की छनौटबाट छानिएका १२ टिमले प्रदेश स्तरीय प्रतियोगितामा भाग लिन पाउने छन् । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने अध्यक्ष बरालले बताए । प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष सञ्जय लिगले बताए ।

त्यसै गरी युनिभर्सिटी लेवल फुटसल प्रतियोगितामा गण्डकी प्रदेशका १२ टिमको सहभागीता हुने लिगले बताए । खुल्ला कलेजस्तरीय फुटसल प्रतियोगिताका विजेताले नगद २० हजार मेडल र ट्रफि, उपविजेताले नगद १० हजार मेडल र ट्रफि प्राप्त गर्ने छन् । प्रतियोगिता सम्पन्न गर्न ६ लाख ५० हजार खर्च लाग्ने आयोजकको अनुमान छ।

# बन्दीपुरमा मुख्यमन्त्री 'नवप्रर्वतन कार्यक्रम'

पोखरापत्र संवाददाता
तनहुँ, २७ माघ

बन्दीपुर गाउँपालिकाका लागि 'मुख्यमन्त्री नवप्रवर्तन' कार्यक्रम सुरु गरिने भएको छ । गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालय पोखरा र गाउँपालिकाबीच उक्त कार्यक्रमका लागि सम्झौता गरिएको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका सचिव यमुना श्रेष्ठ र गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाबीच शुक्रबार दुई पक्षीय सम्झौता भएको हो।

उक्त कार्यक्रमअन्तर्गत बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि नमुना कार्यक्रमअन्तर्गत 'कल्चर', 'एडभेन्चर' र 'नेचर' क्षेत्रमा कार्यक्रम गरिनेछ। प्रदेश सरकारबाट परिपत्र भएपछि लगत्तै काम सुरु गरिने गाउँपालिका अध्यक्ष थापाले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षको असार १५ गतेभित्र काम गरिसक्नुपर्नेछ । गाउँपालिका-१, २ र ४ का पर्यटन क्षेत्रमा पर्यटन प्रवर्द्धनका कार्य गरिनेछ । उहाँले भन्नुभयो, "विशेषगरी बन्दीपुरबाट सिद्धगुफा जाने बाटोलाई बढी केन्द्रित गरेको छ।" मुख्यमन्त्री कार्यालय पोखराबाट रु ७५ लाख र गाउँपालिकाबाट रु २८ लाख ९५ हजार तीन सय गरी कूल रु एक करोड तीन लाख ९५ हजार तीन सय बजेट रहेको छ । उक्त कार्यक्रमअन्तर्गत सौन्दर्यीकरण, सत्तल, पाटी पौवा, रकक्लाइम्बिङ निर्माण, डिजिटल डिस्प्ले सञ्चालन, क्षमता विकासका कार्यक्रम सञ्चालन, कलासंस्कृति संरक्षण, पर्यटकीयस्थलको प्रवर्द्धन कार्यक्रम, वृत्तचित्रलगायत क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने अध्यक्ष थापाले बताउनुभयो । उक्त कार्यक्रमले बन्दीपुरको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : स्वस्थ्यमा सुधार |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# राष्ट्रिय माविको हीरक जयन्तीका अवसरमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा आफनो हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले शनिबार खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । 'रक्तदान जीवनदान, जीवनदान महादान' भन्ने नारा सहित आयोजना गरिएको कार्यक्रममा ७५ युनिट रगत संकलन भयो ।

यस अघि कार्यक्रमको उद्घाटन विद्यालयका पुर्व विद्यार्थी तिर्थ श्रेष्ठले पहिलो रक्तदाता विद्यालयकी शिक्षिका जिता पौडेल र विद्यालयका शिक्षक अभिभावक संघका सदस्य दिपक पौडेललाई ब्लड ब्याग दिएर गरेका थिए भने विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले अन्तिममा रक्तदान गरेर कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा विद्यालयका बर्तमान र पुर्व विद्यार्थीहरु, बर्तमान र पुर्व शिक्षक/कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु, सर्वसाधारण लगायतले रक्तदान गरेका थिए। २० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाईरहेको छ। यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएको थियो । हिरक महोत्सव अन्तर्गत रक्तदान कार्यक्रम गरिएको विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष रमेश प्रसाद पौडेलले जानकारी दिए ।




हीरक महोत्सव अन्तर्गत आउदो फागुनमा चित्रकला र कविता प्रतियोगिता गरिने भएको छ । यसै गरि ८ बैशाख ०८१ मा विद्यालयमा अध्यृयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु बिच परिचय सगै अनुभव आदान प्रदानको गर्ने उदेश्यले पुनमिलन समारोह आयोजना गर्न लागेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाले जानकारी दिए । पुनमिलन सगै सोही दिन विभिन्न मनोरञ्जनात्कम र सास्कृतिक कार्यक्रमहरु गरिने राणाले जानकारी दिए ।

# पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा अपाङ्गता तर्फको दौड सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

१८ औं सफल पोखरा अन्तरष्ट्रिय म्याराथन अन्तर्गत शनिबार अपाङ्गता तर्फका दौडहरु सम्पन्न भएका छन् ।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगिता अन्तर्गत सम्पन्न ह्विल चेयर पुरुषतर्फको १८०० मिटर दौडमा सुरेश कुमार गौली पहिलो भएका छन् । उनले उक्त दौड पुरा गर्न ७ मिनेट ४१.३ सेकेण्डमा दुरी पार गरे । यस्तै दोश्रो भएका भरत अधिकारीले ७ मिनट ५७.३ सेकेण्डमा दौड पुरा गर्दा तेश्रो स्थान प्राप्त गरेका ध्रुव परियारले ८ मिनेट २४.५ सेकेण्डमा पार गरे । यस्तै महिलातर्फको ह्विल चेयर दौड काठमाण्डौकी ऐश्वर्य कुमारी कुमालले जितेकी छन् । उनले १००० मिटरको दौड ४ मिनेट ९.८ सकेण्डमा पार गरिन् । यसै गरी महिलातर्फ काठमाण्डौकी पेमा छोक्पा गुरुङ ४ मिनेट ५२.१ मिनेटमा दौड पुरा गरी दोश्रो भइन् भने पोखराकी अञ्जु बराल तेश्रो भइन् । उनले उक्त दुरी ६ मिनेट ४४.५ सेकेण्डमा पार गरिन् ।

पुरुष १०० मिटर दृष्टिबिहिन दौडमा आशिक खडगी १३.४ सेकेण्डको समय लिदैं प्रथम भएका छन् भने दोश्रो भएका विरेन्द्र लामिछानेले १३.४ सेकेण्डमा दुरी पार गरे । त्यस्तै टुल्का डाँगी तेश्रो भए भने प्रमोल दाहाल र सुशिल गोदारले चौथो र पाँचौ हुँदै सान्त्वना स्थान प्राप्त गरे । महिला १०० मिटर दृष्टिविहिन दौडमा बिनिता पुन पहिलो भएकी छन् । उनले उक्त दुरी १२.२ सेकेण्डमा पार गनि् भने दोश्रो भएकी सिर्जना परियारले १३.८ सेकेण्डमा दौड पुरा गरिन । त्यस्तै १५.२ सेकेण्डमा दुरी पार गरेकी मायाँ गौतम तेश्रो भइन् भने प्रतियोगितामा पुर्णिमा गुरुङ चौथो र मोनिका थापाले पाँचौ स्थान हासिल गरे । बिजेता ह्विल चेयर र दृष्टिविहिन महिला तथा पुरुषतर्फ पहिलो, दोश्रो र तेश्रो हुने खेलाडीले क्रमश जनही नगद रु १० हजार, ७ हजार र ५ हजार प्राप्त गरे भने दृष्टिविहिन पहिलो, दोश्रो तथा तेश्रो र सान्त्वना भएका दृष्टिविहिन महिला/पुरुष खेलाडीहरुलाई सेतो छडी सिविआरएसको सहयोगमा प्रदान गरिएको थियो । ह्विल चेयरतर्फ पहिलोल दोश्रो र तेश्रो भएका महिला र पुरुष खेलाडीहरुलाई रोटरी क्लव ३२९२ को तर्फबाट एक-एक थान ह्विलचेयर प्रदान गरिएको छ। प्रतियोगितामा बिजेता खेलाडीहरुलाई पश्चिम पृतनाका पृतनापति उपरथी सन्तोष बल्लभ पौडेल, प्रतियोगिताका प्रयोजक दुर्गा गुरुङ (यूके), मेजर लक्ष्मी प्रसाद गुरुङ, पूर्व राष्ट्रिय फुटबल खेलाडी स्वर्गिय गंगा गुरुङका छोरा मनोज गुरुङ, रोटरी क्लवका एजी पुरन कुंवर, डायमण्ड बुद्धिस्ट यूकेका अध्यक्ष योगेश गुरुङ, सिबीआरएसका कार्यालय ब्यवस्थापक कृष्ण लामिछाने, मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाटलगायतले मेडल, नगद, प्रमाणपत्र तथा सेतो छडी प्रदान गरेका थिए । कार्यक्रम मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो ।



# व्यावसायिक बाख्रापालक किसान पेसा प्रवर्द्धन गर्न एकताबद्ध

**रासस**
तनहुँ, २७ माघ

तनहुँमा व्यावसायिकरूपमा बाख्रापालन गर्दै आएका किसान एकत्रित भएका छन् । माछामासुमा आत्मनिर्भर तनहुँका किसान अन्य जिल्लाबाट खसीबोका ल्याउने कार्यलाई निरुत्साहन गर्न एकजुट भएका हुन् ।

नेपाल बाख्रापालक महासङ्घका केन्द्रीय सल्लाहकार मानबहादुर भण्डारीले व्यावसायिक बाख्रापालक किसानलाई एकत्रित बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले तनहुँ मासुमा आत्मनिर्भर भएको अवस्थामा पनि यहाँका खसीबोका अन्य जिल्लामा बेच्नुपर्ने भए पनि त्यसो हुन नसकेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "जिल्लामा बाह्य खसीबोका आयात गर्नुपर्ने अवस्था छैन तर यहाँका किसानका खसीबोका बिक्री वितरणमा समस्या भएको छ, यसको न्यूनीकरणका लागि व्यावसायिक बाख्रापालक किसान एकत्रित हुनुपर्छ, यसका लागि हामी लागिपरेका छौँ ।"

भण्डारीले आयातित खसीबोका बिक्री वितरणलाई निरुत्साहित गरी यहीँका उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो । आयातित खसीबोका यहाँका बजार तथा होटलमा बिक्री हुने हुँदा यहाँका खसीबोका बिक्री वितरणका लागि बजारीकरण र भण्डारणको समस्या सृजना भएको उहाँले बताउनुभयो । भण्डारीले भन्नुभयो, "व्यावसायिक बाख्रापालक किसान एक भएर अब आयातित खसीबोका बिक्री वितरणमा कडाइ गर्न अनुगमन तथा नियन्त्रणमा सक्रिय भूमिका खेल्नेछौँ, आवश्यक सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी अगाडि बढ्ने तयारी गरिरहेका छौँ ।" यहाँ स्थानीय उत्पादन प्रयोग गर्ने वातावरण बनाएर वास्तविक किसानका खसीबोका बिक्री वितरण गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । सरकारबाट प्राप्त हुने अनुदान प्राप्त गर्न महासङ्घबाट प्रक्रियागत रूपमा अगाडि बढ्ने गरी नीतिनिर्माण गर्न केन्द्रीय समिति लागिपरेको समेत उहाँले जानकारी दिनुभयो । नेपाल बाख्रापालक महासङ्घ तनहुँका अध्यक्ष चिनबहादुर भण्डारीले बाह्य खसीबोका आयातलाई निरुत्साहित गर्दै यहीँको उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "बाख्रापालनसँगै मासु व्यवसायलाई अगाडि बढाउन चाहने किसानलाई महासङ्घले सहयोग गर्छ, बाहिरबाट आयात हुने मासुलाई निरुत्साहित गर्दै जिल्लाबासीलाई जैविक मासु खाने वातावरण तयार गर्नेछौँ ।" जिल्लाबासीलाई प्राङ्गारिक रूपमा उत्पादित खसीबोकाको मासु उपभोग गर्न पाउने बनाउन प्रक्रियामा अगाडि बढेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "आयातित खसीबोका बिक्री वितरणमा कडाइ गर्नेछौँ, यसले वास्तविक किसान मर्कामा पर्नुपर्ने अवस्था रहँदैन, यहीँको बजारमा हाम्रा खसीबोका खपत हुनेछन्, समन्वय गर्नुपर्ने सङ्घसंस्थाबाट अनुमति लिएर नै सजगताका साथ काम अगाडि बढाउने र जिल्लाबासीलाई जैविक मासु उपभोग गर्ने बनाउनेछौँ, यहीँको खसीबोका बिक्री भएमा आर्थिक मन्दी घटाउनसमेत टेवा पुग्नेछ ।" व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले व्यावसायिक बाख्रापालक किसानलाई अन्य व्यवसायसँग तुलना गर्न नमिल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "बाख्रापालक किसानले आफ्ना हकहित र व्यावसायिक समस्या समाधानमा समन्वय र सहयोगमा एक भएर काम गर्दा किसानमा उत्साह थपिएको छ, यसले वास्तविक किसानले सहयोग पाउनेछ ।" उहाँले व्यावसायिक रूपमा खसीबोका उत्पादन गर्दा निस्कने प्राङ्गारिक मलको उपयोग हुने गरी कृषिलाई सहयोगी व्यवसाय बनाउन सुझाव दिनुभयो । नगर प्रमुख न्यौपानेले भन्नुभयो, "माछामासु आयात गर्नुपर्ने अवस्था छैन, तर खाद्यान्नका साथै गोलभैँडा, काउली, आलुलगायतका तरकारी तथा फलफूल बाहिरबाट आयात गर्न बाध्य छौँ, माछामासुसँगै यी वस्तु पनि यहीँ उत्पादन गर्नतर्फ किसान लाग्नुपर्छ ।" उहाँले सहकारीमार्फत खसीबोका बिक्री वितरणमा अनुदानको व्यवस्था भएको जानकारी गराउँदै सहकारीमार्फत खसीबोका बिक्री वितरण गर्न सुझाव दिनुभयो । सहकारीमार्फत खसीबोका बिक्री वितरण गर्दा नगरपालिकाले प्रतिकिलो रु १० अनुदानस्वरुप प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको बताउनुभयो । उहाँले खसीबोका बिक्री गर्न सहकारीमा आबद्ध हुन आग्रह समेत उहाँको छ। बाख्रापालक किसानलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्ने कार्यमा नगरपालिकाको सदैव साथ रहेको उहाँले बताउनुभयो ।

रासायनिक मलको उपभोगमा न्यूनीकरण गर्दै बाख्राको बडकौलालाई प्रविधिकरण गरी खेर जाँदै गरेका मलबाट उपभोग्य बनाउन आवश्यक रहेकाले बाख्रापालक सङ्घसँग समन्वय गरी यसको विकासमा सहयोग गर्ने बताउनुभयो । विपत्मा परेर बाख्रा वा पशु मरे नगरपालिकाले राहत उपलब्ध गराउँदै आएको र यस्ता कार्यसम्बन्धी किसान जानकार हुनुपर्नेमा उहाँको जोड थियो । व्यास-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खलेले सामुदायिक वनलाई बाख्रापालक किसानले चरन क्षेत्रका रूपमा उपभोग गर्ने वातावरण बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बाख्रापालक किसानले सामुदायिक वनसँग समन्वय गरी चरन क्षेत्र बनाउनुपर्छ, ठूला रूखको व्यवस्थापन गर्दै बुट्यानलाई पशुपालकले उपयोग गर्ने गरी समन्वय गर्नुपर्छ, यसले सहज बनाउनेछ ।" व्यावसायिक बाख्रापालक किसान एकत्रित बन्दै नगरस्तरीय समिति गठनमा लागेका छन् । समितिमार्फत निर्णय गरी प्रक्रिया अगाडि बढेमा वास्तविक बाख्रापालक किसानले सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य आवश्यक सहयोगमा सहजता कायम हुने अपेक्षा गरिएको छ । अनुदानभन्दा पनि बैङ्क ऋणको ब्याजदर कम भए किसानलाई सहज हने उहाँहरूको भनाइ छ । नेपाल बाख्रापालक सङ्घ व्यास नगर समिति गठन गरिएको छ । नेपाल बाख्रापालक महासङ्घ तनहुँका अध्यक्ष भण्डारीको अध्यक्षतामा शुक्रबार दमौलीमा बसेको बैठकले नगर समिति गठन गरेको हो । व्यास नगर समितिको अध्यक्षमा व्यास-११ का उदयनाथ अधिकारी सर्वसम्मत चयन हुनुभएको छ ।

समितिको उपाध्यक्षमा व्यास-९ का सरस्वती कुमाल, सचिवमा व्यास-१० का विष्णुहरि न्यौपाने र कोषाध्यक्षमा व्यास-११ का शोभा बोहरा चयन हुनुभएको छ । त्यस्तै सदस्यमा व्यास-५ का दिलबहादुर थापा, व्यास-१३ का रामहरि सेढाई, व्यास-१२ का जसबहादुर भुजेल, व्यास-७ का होमबहादुर गुरुङ र व्यास-८ का प्रदीप ओझा चयन हुनुभएको छ । जिल्लाका १० वटै पालिकामा समिति गठन गरी सशक्त बनाउने सङ्घको लक्ष्य छ ।

# गुरुकुल विद्याश्रमको १७ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखरा महानगरपालिका वडा नं ३० पावरहाउसस्थित गुरुकुल विद्याश्रमको १७ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस सम्पन्न भएको छ ।

कार्यक्रमको एक कार्यक्रमका बीच गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का बिखर्चीले उद्घाटन गर्नुभयो । कार्यक्रममा कुलपति विखर्चीले लेखनाथ क्षेत्रमा उत्कृष्ट शैक्षिक संस्थाका रुपमा गुरुकुल विद्याश्रम सकृय रहेको बताउनुभयो । अतिरिक्त क्रियाकलापमा विद्याश्रमले अग्रणी स्थान ओगटेको बताउँदै उहाँले विद्यार्थीले प्राप्त गर्ने सफलता नै शैक्षिक संस्थाको सफलता हुने बताउनुभयो ।



विद्याश्रमका प्राचार्य मिलन केसीले शैक्षिक गुणस्तरीयतासँगै विद्यार्थीको सर्वाङ्गीण विकासलाई जोड दिइएको बताउनुभयो। गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवम् विद्याश्रमका पूर्व नृत्य शिक्षक गोरे गुरुङले शैक्षिक गुणस्तरीयतासँगै विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने बताउँदै यस क्षेत्रको शैक्षिक विकासमा विद्याश्रमले विशिष्ट योगदान पुऱ्याएको बताउनुभयो ।

अभिभावक सरस्वती श्रेष्ठले विद्यालयमा पठाएर मात्र कर्तव्य पूरा नहुँने बताउँदै आफ्ना बालबच्चाका लागि प्रत्येक अभिभावकले समय दिनुपर्नेमा जोड दिनुभयो । उक्त अवसरमा विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति देखाएका थिए भने शैक्षिक एवम् अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । विद्यार्थीहरूलाई प्राचार्य मिलन केसी, संस्थापक क्या.मदन केसी, सहायक प्राचार्य नारायण बराल लगायले पुरस्कृत गर्नुभएको थियो । प्राचार्य मिलन केसीको सभापत्विमा सम्पन्न कार्यक्रमको सञ्चालन गुरुकुल विद्याश्रम तथा गुरुकुल कलेज अफ म्यानेजमेन्टका अतिरिक्त क्रियाकलाप प्रमुख रामप्रसाद ढकालले गर्नुभएको थियो भने सल्लाहकार निलिसा ठकुरी केसीले धन्यवाद सहित कार्यक्रम समापन गर्नुभएको थियो ।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

**यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८०/०८१ का लागि मिति २०८०/१०/२८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।**

| ब्राण्ड | मि.लि | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| XCITE BLUE | ३०० | ७० | ११४०।०० | ३०।०० | ११७०।०० | ४५।०० | १२१५।०० | ४५।०० | १२६०।०० | १३०।०० | १४१०।०० | ४७।०० |
| KARUWA(Litchi/Nimbu), ARROW APPLE | ३०० | ७० | ९७०।०० | २०।०० | ९९०।०० | ४०।०० | १०३०।०० | ४०।०० | १०७०।०० | १००।०० | ११७०।०० | ३९।०० |

**नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको शोधभर्ना दिन सकिनेछ ।**